# प्रेस विज्ञप्ति

मिति:२०७६।१०।२४

१. व्यास नगर कार्यपालिकाको ३२ औं नगर सभाको पहिलो बैठक २०७६ माघ २४ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा दिन ११ बजे प्रारम्भ भयो । उक्त सभामा निम्नानुसारका विषयहरु सभासमक्ष पेश हुन आएको जानकारी गराइन्छ ।

क. नगर सदस्य एवं अनुशासन समितिका संयोजक स्व.हेमराज पोखेलज्यूको दु:खद देहावसानमा हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै १ मिनेट मौनधारण गरी सभाध्यक्षज्यूबाट आर्थिक वर्ष २०७६/०७७ को नीति तथा कार्यक्रम माथि निम्नानुसारको समिक्षा प्रस्तुत भयो ।

-३१ औं नगर सभाबाट पारित नीति तथा कार्यक्रमहरुलाई कार्यान्वयन गर्ने सिलसिलामा कृषि, पर्यटन, शिक्षा, स्वास्थ्य, उद्योग, अव्यवस्थित बसोबास र भूमि व्यवस्थापन, वन, वातावरण तथा विपद् व्यवस्थापन, यूवा तथा खेलकुद, पूर्वाधार निर्माण, सञ्चार, न्याय तथा मध्यस्थता, महिला, जनजाति, अपांगता जस्ता क्षेत्रमा काम गर्दै व्यास नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भे (O & M Survey) गर्ने कार्य सम्पन्न भएको छ । नारेश्वर ताल निर्माण कार्यमा जग्गा प्राप्तिको प्रकिया अघि बढ्नुका साथै सो तालको बाँध निर्माणमा प्रदेश सरकारको ७५ लाख सहयोग प्राप्त भएको छ । यसका अलवा मादी नदी उपत्यका एकीकृत विकास परियोजनाको विस्तृत गुरुयोजना निर्माणको कार्य अघि बढाइएको छ ।

-आर्थिक वर्ष २०७६।०७७ को बजेट तथा कार्यक्रममा नगरस्तरीय ७०, वडास्तरीय ३३७, क्रमागत १०० र विविध फुटकर योजना ७८ समेत जम्मा ५८५ योजनाहरु कार्यान्वयनको चरणमा रहेको जानकारी गराउनुको साथै वडागत योजनाहरु मध्ये २६ योजनाको कार्य सम्पन्न भएको, १५५ सम्झौता भइसकेको र १५६ सम्झौताको चरणमा रहेका छन् । नगरस्तरीय योजनाहरु ७० मध्ये २५ टेण्डर प्रक्रिया पुरा गरिएको, ७ योजनाहरु टेण्डर भइरहेको, १३ वटा योजना उपभोक्तासँग सम्झौता भएको बाँकी योजनाहरु ल.ई. भइरहेको र टेण्डर प्रक्रियामा जाने अवस्था रहको छ । साथै व्यास ३ स्थित कृयापुत्री भवन सम्पन्न भएको छ ।

-जग्गा विकास आयोजना अन्तर्गत व्यास नगरपालिका वडा नं.१० को वैरेनी, वडा नं.६ को शिशाघाट र वडा नं.५ को मानुङकोट छनौट भई काम भइरहेको छ ।

-यस वर्ष वडा नं.४, ७, १० र ११ को वडा कार्यालय आफ्नै भवनमा निर्माण कार्य सम्पन्न गरी सञ्चालनमा आइसकेको छ भने वडा नं.५ को वडा कार्यालय आफ्नौ भवनमा सञ्चालन गर्ने तयारी भइरहेको छ । वडा नं.९ को वडा कार्यालय भवन ढलान भइसकेको छ भने वडा नं.१ को वडा कार्यालयको जग्गा व्यवस्थापन गरी कार्यालय भवन निर्माण कार्यको लागि टेण्डर भइसकेको छ । वडा नं.१, २, ४, ५, ७ र १० को वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्रको कार्यालय भवन निर्माण कार्य भइरहेको छ ।

-केशवटार मार्ग, छाब्दी मार्ग, छिर्कने कर्लुङ मार्ग, कमलवारी कर्लुङ मार्ग-१२, खड्गकाली मार्ग-११, पराशर मार्ग-११, कलेस्ती मार्ग-९, क्यामिन पर्यटन मार्ग-७, कालिका मार्ग-७, माहेन्द्री मार्ग-५, वैरेनी नयाँवस्ती मार्ग-१० को टेण्डर प्रकिया सम्पन्न भई कालोपत्रे निर्माण गर्ने कार्य भइरहेको छ ।

-व्यास नगरपालिकाबाट एकीकृत योजना निर्माण गर्दा ऐतिहासिक तनहुँशुर जाने खड्ककाली मार्गको विस्तृत परियोजना तयार गरिएकोले योजना आयोग मार्फत संघीय सरकारमा प्रस्ताव

प्रवक्ता

गरिएको १० करोडको समपुरक योजनामा रु.२ करोड यस वर्ष र आगामी वर्ष ३ करोड प्राप्त हुने र नगरपालिकाले दुई वर्षमा ५ करोड खर्च गर्ने गरी योजना स्वीकृत भएकोले टेण्डर प्रक्रिया अघि बढिरहेको छ । प्रदेश सरकार अन्तर्गत केशवटार मार्गलाई रु.१ करोड सशर्त अनुदान प्राप्त हुन आएको छ ।

-यस वर्ष पौष महिनादेखि सम्पूर्ण सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ सम्मका विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिएको छ । संघीय सरकारले सम्बोधन नगर्दासम्म खाजाको व्यवस्था निरन्तर रहने छ । नमूना विद्यालयको पूर्वाधार निर्माणमा करिब ४० विद्यालयमा आर्थिक सहयोग प्रदान गरिएको छ । साथै मा.वि., नि.मा.वि., प्रा.वि. का स्थायी शिक्षकहरुलाई पदस्थापन गर्दै कार्यरत शिक्षकहरुलाई यथावत राख्ने कार्य सम्पन्न गरिएको छ ।

-खेलकुद अन्तर्गत मेयर कप छात्र र उपमेयर कप छात्रा अन्तर माध्यमिक विद्यालय फुटवल प्रतियोगिता र अन्तर मेयर कप भलिवल प्रतियोगिता, नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड र मानुङकोटदेखि पुलिमराङसम्मको तेस्रो व्यास नगर खुल्ला अल्ट्रा म्याराथन प्रतियोगिता सम्पन्न भइसकेको छ भने फाल्गुण २५ गते नारी दिवसका दिन दमौलीदेखि तनहुँशुरसम्म महिला म्याराथन प्रतियोगिता सञ्चालन गर्ने तयारी हुनुका साथै अन्य विभिन्न युवाहरु संलग्न खेलकुद कार्यक्रममा सहयोग पुर्‍याइदै आइएको छ ।

-८४ वर्ष पुगेका ६३७ जना ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, १६ दिने लैङिंक हिंसा विरुद्धको अभियान, अपांगता भएका नगरवासीलाई परिचयपत्र बाढ्ने कार्य, यूवा परिषद्लाई प्रशिक्षण दिने कार्य सम्पन्न भइसकेका छन् ।

-सम्बन्धित टोल विकास संस्था स्वयंले विद्युत महशुल बुझाउने गरी शहरी क्षेत्रमा सडक बत्तीको व्यवस्था गरिएको र यसलाई अझ विस्तार गरिदै लगिने छ ।

-पर्यटनलाई मुख्य आय बनाउने उद्देश्यले होमस्टेलाई सहयोग गरिएको र बुद्धशान्ति पद मार्गलाई (मनाङदेखि लुम्बिनीसम्म) प्रचार प्रसार गर्न ११ जिल्लाका जनप्रतिनिधिहरु र पर्यटन व्यवसायीहरुको महत्वपूर्ण गोष्ठी समेत सम्पन्न भइसकेको छ ।

-पूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाद्वारा शिलन्यास भएको पुलिमराङ स्थित शहिद पार्कको प्रारम्भिक कामको उद्घाटन शहिद दिवसका दिन पूर्व उपप्रधानमन्त्री श्री प्रकाशमान सिंहबाट सम्पन्न भएको छ । उक्त पार्कको विस्तृत परियोजनाको कपी (DPR) समेत बनाइएको छ ।

-गत वर्ष ६ करोड ५१ लाख भन्दा बढिको कमागतहरु योजना रहेका थिए भने कमागत योजनाहरुलाई न्यूनीकरण गर्न यस आर्थिक वर्षमा २० लाख भन्दा कमका योजनाहरु यसै वर्ष सम्पन्न गरिने र सम्पन्न हुन नसकेमा योजनाको रकम फ्रिज हुने नीति लिइएको छ ।

२. उपप्रमुख मिराजोशीज्यूबाट तपसिल अनुसार आर्थिक वर्ष २०७५/०७६ को यथार्थ आयव्यय र आर्थिक वर्ष २०७६।०७७ को संशोधित आयव्यय प्रस्ताव पेश गरियो ।

(क) **आर्थिक वर्ष २०७५/०७६ को यथार्थ आयव्यय विवरण:**

-**आयतर्फ:** कुल रु.१,२२,३४,८३,५१२। को संशोधित आय अनुमान गरिएकोमा रु.१,२०,९०,८१,०८४। रुपैयाँ यथार्थ आय हुन आएको छ । जस मध्ये आन्तरिक स्रोतको रु.१४,४९,९३,०७५। रुपैयाँ यथार्थ आम्दानी भएको छ भने बाह्य तथा अन्य आयमा रु.१,०६,४०,८८,००९। रुपैयाँ यथार्थ आय हुन आएको छ ।

प्रवक्ता

**-व्ययतर्फ:** कुल रु.१,२२,३४,८३,५१२। संशोधित विनियोजन गरिएकोमा रु.१,०८,६३,३३,३६७। रुपैयाँ यथार्थ खर्च हुन आएको छ । जस मध्ये चालु खर्चतर्फ रु.६५,९२,८३,२५५। यथार्थ खर्च हुन आएको छ भने पूँजीगत खर्च तर्फ रु.४२,७०,५०,११२। रुपैयाँ खर्च हुन आएको छ ।

(ख) **आर्थिक वर्ष २०७६/०७७ को संशोधित आयव्यय विवरण**

**-आयतर्फ:** चालु आर्थिक वर्षका लागि कुल रु.१,३८,०३,२५,०००। आय अनुमान गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.५९,३३,३२,८७९। यथार्थ आय हुन आएको छ । जस मध्ये आन्तरिक श्रोततर्फ रु.१४,८५,००,०००। अनुमान गरिएकोमा २०७६ पौष मसान्तसम्म **रु.८,०७,३८,६०६।** यथार्थ आम्दानी हुन आएको छ भने बाहृय तथा अन्य आयमा रु.१,२३,१८,२५,०००। अनुमान गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.५१,२५,९४,२७३। रुपैयाँ यथार्थ आय हुन आएको छ । हालसम्म हासिल गरिएको प्रगतिलाई दृष्टिगत गरी आन्तरिक श्रोततर्फ विभिन्न शीर्षकहरुमा साविकको आय अनुमानमा रु.१,२१,९६,०००। थप आय हुने गरी कुल आन्तरिक आय रु.१६,०६,९६,०००। हुने गरी संशोधित आय अनुमान कायम गरिएको छ भने बाहृय र अन्य आयतर्फ विभिन्न निकायबाट प्राप्त हुने गरी रु.५,५७,५५,७१७। थप आय हुने गरी कुल बाहृय र अन्य आय रु.१,२८,७५,८०,७१७। रुपैयाँ हुने गरी आन्तरिक, बाहृय र अन्य आय समेत गरी कुल रु.१,४४,८२,७६,७१७। को संशोधित आय अनुमान कायम गरिएको छ ।

**-व्ययतर्फ:** कुल रु.१,३८,०३,२५,०००। विनियोजन गरिएकोमा सो मध्ये चालु खर्चतर्फ रु.७७,८६,७९,०००। अनुमान गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.२७,७८,०२,७३२। यथार्थ खर्च हुन आएको छ भने पूँजीगत खर्चतर्फ रु.६०,१६,४६,०००। विनियोजन गरिएकोमा २०७६ पौष मसान्तसम्म रु.१०,९२,७७,२५३। खर्च हुन आएको छ । यसरी २०७६ पौष मसान्तसम्म चालु खर्च र पूँजीगत खर्च समेत गरी कुल रु.३८,७०,७९,९८५। रुपैयाँ यथार्थ खर्च हुन आएको छ । श्रावणदेखि हालसम्मको प्रगति र बाँकी अवधिको सम्भावित खर्चलाई दृष्टिगत गर्दा चालु खर्चतर्फ विभिन्न शीर्षकहरुमा साविकको व्यय अनुमानमा रु.१,८८,१४,०००। थप व्यय गर्ने गरी कुल चालु खर्च रु.७९,७४,९३,०००। को संशोधित अनुमान कायम गरिएको छ भने पूँजीगत खर्चतर्फ विभिन्न कार्यक्रमहरुमा खर्च हुने गरी साविकको व्यय अनुमानमा रु.४,९१,३७,७१७। थप गर्ने गरी कुल व्यय अनुमान रु.६५,०७,८३,७१७। को संशोधित विनियोजन कायम गरिएको छ । यसरी चालु खर्च र पूँजीगत खर्च शीर्षकको खर्च समेत गरी कुल रु.१,४४,८२,७६,७१७। को संशोधित विनियोजन कामय हुने गरी व्यय अनुमान गरिएको छ ।

३. चालु आर्थिक वर्ष २०७६/०७७ श्रावणदेखि हालसम्म भए गरेका कार्यहरुलाई उल्लेख गरी ३१ औं नगर सभाबाट गठित विभिन्न समितिका संयोजकज्यूहरुबाट अर्धवार्षिक प्रगति प्रतिवेदन प्रस्तुत भयो ।

४. आर्थिक वर्ष २०७६/०७७ को संशोधित आर्थिक विधेयक २०७६ र विनियोजन विधेयक २०७६ छलफलका लागि सभामा प्रस्तुत गरी आजको नगर सभा भोलिसम्मका लागि स्थगित गरियो ।

प्रवक्ता

व्यास नगरपालिका नगर कार्यपालिकाको कार्यालय दमौली, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

मोहनकुमार श्रेष्ठ
प्रवक्ता
व्यास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, दमौली,
तनहुँ